स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १०, भाग २, संख्या ६, मिति २०८३ भाद्र २४ गते

**भाग- २**

**बौदीकाली गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बौदीकाली गाउँपालिकाको हरित विद्यालय विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

**प्रस्तावनाः**

विद्यालयलाई स्वच्छ, सफा, हरियालीयुक्त तथा वातावरणमैत्री बनाउँदै विद्यार्थीमा वातावरण संरक्षण र सरसफाइसम्बन्धी व्यवहार विकास गर्न आवश्यक भएकाले बौदीकाली गाउँपालिकाले हरित विद्यालय विकास कार्यक्रम सञ्चालन गर्न यो कार्यविधि तयार गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"बौदीकाली गाउँपालिकाको हरित विद्यालय विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. उद्देश्यः**

यस कार्यक्रमको उद्देश्य विद्यालयलाई स्वच्छ, सफा, हरियालीयुक्त तथा वातावरणमैत्री बनाउनुका साथै विद्यार्थीमा वातावरण संरक्षण, सरसफाइ र प्राकृतिक स्रोतको संरक्षणसम्बन्धी व्यवहार विकास गर्नु हो।

**३. कार्यक्रम सञ्चालनः**

(१) गाउँपालिकाले स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटअन्तर्गत हरित विद्यालय कार्यक्रम सञ्चालन गर्नेछ।

(२) कार्यक्रम सञ्चालनका लागि गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूबाट प्रस्ताव माग गरिनेछ।

(३) यस कार्यक्रमका लागि विनियोजित बजेटको सीमाभित्र रही प्रस्तावका आधारमा विद्यालयलाई अनुदान उपलब्ध गराइनेछ।

**४. प्रस्ताव माग तथा छनोटः**

(१) गाउँपालिकाले सूचना प्रकाशन गरी इच्छुक विद्यालयबाट प्रस्ताव माग गर्नेछ।

(२) विद्यालयले अनुसूची-१ बमोजिमको प्रस्ताव फाराममा कार्यक्रम, आवश्यकता, गतिविधि, लागत अनुमान, अपेक्षित उपलब्धि तथा संरक्षण योजनासहित प्रस्ताव पेश गर्नुपर्नेछ।

(३) प्राप्त प्रस्तावमध्ये विद्यालयको आवश्यकता, प्रस्तावित कार्यक्रमको उपयुक्तता, अपेक्षित उपलब्धि र उपलब्ध बजेटका आधारमा शिक्षा शाखाले प्रस्ताव छनोट गरी स्वीकृतिका लागि शिक्षा समिति समक्ष पेश गर्नेछ।

(४) स्वीकृत प्रस्तावका आधारमा सम्बन्धित विद्यालयसँग अनुसूची-२ बमोजिम सम्झौता गरी अनुदान उपलब्ध गराइनेछ।

**५. सञ्चालन गर्न सकिने कार्यक्रमः**

विद्यालयले आफ्नो आवश्यकता र प्राथमिकताका आधारमा देहायका कार्यक्रम वा सोसँग सम्बन्धित अन्य वातावरणमैत्री कार्यक्रम सञ्चालन गर्न सक्नेछः

(क) विद्यालय परिसर हरियाली तथा सौन्दर्यीकरण

(ख) फूलबारी तथा वृक्षरोपण

(ग) करेसाबारी तथा पोषण बगैंचा

(घ) कम्पोस्ट मल तथा जैविक खेती

(ङ) फोहोर वर्गीकरण तथा व्यवस्थापन

(च) वर्षाको पानी संकलन तथा पानी संरक्षण

(छ) जैविक विविधता संरक्षण

(ज) Eco Club तथा विद्यार्थी वातावरणीय गतिविधि

(झ) वातावरण संरक्षण तथा हरित विद्यालयसम्बन्धी अन्य कार्यक्रम

**६. बजेट तथा खर्चः**

(१) अनुदान रकम स्वीकृत प्रस्ताव र लागत अनुमानका आधारमा खर्च गर्नुपर्नेछ।

(२) स्वीकृत कार्यक्रमभन्दा बाहिर खर्च गर्न पाइने छैन। कार्यक्रम परिवर्तन गर्नुपरेमा गाउँपालिकाको पूर्वस्वीकृति लिनुपर्नेछ।

(३) खर्च गर्दा प्रचलित आर्थिक कार्यविधि तथा सार्वजनिक खरिदसम्बन्धी कानूनको पालना गर्नुपर्नेछ।

**७. विद्यालयको जिम्मेवारीः**

सम्बन्धित विद्यालयले स्वीकृत कार्यक्रम सञ्चालन गर्ने, कार्यक्रमबाट सिर्जित सामग्री तथा संरचनाको संरक्षण गर्ने, विद्यार्थी तथा समुदायको सहभागिता गराउने र कार्यक्रम सम्पन्न भएपछि खर्च तथा प्रगति विवरण पेश गर्नुपर्नेछ।

**८. अनुगमन तथा मूल्याङ्कनः**

गाउँपालिकाले कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ। अनुगमनका क्रममा आवश्यक सुझाव तथा निर्देशन दिइनेछ।

**९. बाधा अड्काउ फुकाउनेः**

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रचलित कानूनको अधीनमा रही गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

## अनुसूची-१

(कार्यविधिको दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## हरित विद्यालय विकास कार्यक्रमको प्रस्ताव पेश गर्ने ढाँचा

१. विद्यालयको नामः ..........................................................................................

२. ठेगानाः ..........................................................................................................

३. प्रधानाध्यापकको नामः ..............................................................................

४. विद्यार्थी संख्याः ..........................................................................................

५. प्रस्तावित कार्यक्रमको नामः

...................................................................................................................................................

...................................................................................................................................................

६. कार्यक्रमको आवश्यकता/औचित्यः

...................................................................................................................................................

...................................................................................................................................................

...................................................................................................................................................

७. सञ्चालन गरिने मुख्य गतिविधिहरूः

...................................................................................................................................................

...................................................................................................................................................

...................................................................................................................................................

८. कार्यक्रमबाट अपेक्षित उपलब्धिः

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

**९. कार्यक्रम सञ्चालन तथा संरक्षण गर्ने योजनाः**

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

**१०. विद्यालय/समुदायको योगदान (भएमा):**

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

**११. कार्यक्रम सम्पन्न गर्ने अवधिः** ............................................................

आज्ञाले,<br>
राकेश कुमार चौधरी<br>
प्रमुख प्रशासकीय अधिकृत<br>
बौदीकाली गाउँपालिका

**प्रमाणीकरण मिति : २०८३/०५/०४**